नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
क्षेत्रीय शिक्षा निर्देशनालय
पश्चिमाञ्चल, पोखरा

फोन नं. : ०६१ ४६५०९६
फ्याक्स नं. : ०६१ ४६३१०४

प.सं. : ०७३/७४
च.नं. : १९८

मिति : २०७३/०४/०६

**विषय : संशोधित शिक्षा ऐनको दफा १६ङ१ देखि दफा १६ङ५ को कार्यान्वयन सम्बन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
१६ वटै (पश्चिमाञ्चल विकास क्षेत्र)

प्रस्तुत विषयमा शिक्षा विभाग, विद्यालय शिक्षक व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुरको प.सं. ४.०६/०७३/७४, च.नं. ०४ मिति २०७३/०४/०३ को पत्रबाट **"शिक्षा (आठौं संशोधन) ऐन २०२८ ले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिने आवेदनका सम्बन्धमा र अनुमति लिएकाका विषयमा ऐनको दफा १६ङ१ देखि दफा १६ङ५ सम्म भएको व्यवस्था सम्बन्धित शिक्षक तथा कर्मचारीलाई छिटो तथा प्रभावकारी साधनबाट जानकारी गराउन र जिल्ला शिक्षा कार्यालयहरुलाई सोही बमोजिम गर्ने, गराउने व्यवस्था हुन मिति २०७३/०३/२६ को (सचिवस्तर) निर्णय भएको हुनाले सो अनुसार गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ"** भनि लेखि आएकोले उपरोक्तानुसारको शिक्षा ऐनको संशोधित व्यवस्था त्यहाँ अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत् सम्बन्धित शिक्षक वा कर्मचारीहरुलाई छिटो साधनद्वारा जानकारी गराउनुहुन उक्त संशोधित ऐनमा भएको व्यवस्था तपसिलमा उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(विष्णुप्रसाद अधिकारी)
का.मु. निर्देशक

**बोधार्थ :**
श्री शिक्षा विभाग
(विद्यालय शिक्षक व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर ।

**नेपाल सरकारद्वारा प्रकाशित**
**नेपाल राजपत्र (खण्ड ६६) काठमाण्डौ, असार १५ गते, २०७३ साल (अतिरिक्ताङ्क ४) भाग २ मा भएको व्यवस्था**

**"१६ङ१. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**१६ङ२. स्वयम् घोषणा गरी विवरण पेश गर्ने :** (१) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत रहेको विद्यालयमा पेश गर्नुपर्नेछ :-

(क) आफ्नो नाम, थर, सेवा, कार्यरत विद्यालयको नाम र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको भए सोको मिति, सम्बन्धित देशको नाम,

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
**क्षेत्रीय शिक्षा निर्देशनालय**
पश्चिमाञ्चल, पोखरा

फोन नं. : ०६१ ४६५०९६
फ्याक्स नं. : ०६१ ४६३१०४

प.सं. : ०७३/७४
च.नं. : १६८

(ग) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिका लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए, नभएको ।

(२) सामुदायिक विद्यालयको कुनै शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित शिक्षक वा कर्मचारीले आफू कार्यरत विद्यालयमा उपदफा (१) बमोजिमको विवरण पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि विद्यालयले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

**१६ङ३. जानकारी दिन सकिने :** (१) दफा १६ङ१. विपरीत कुनै शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित शिक्षक वा कर्मचारी कार्यरत क्षेत्रको स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालयमा दिनसक्नेछ ।

(२) उपदफा (१) अनुसारको जानकारी स्रोतकेन्द्रमा प्राप्त हुन आएमा स्रोत केन्द्रले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र जिल्ला शिक्षा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै शिक्षक तथा कर्मचारीले आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा जिल्ला शिक्षा कार्यालयले दफा १६ङ२. को उपदफा (१) बमोजिमको अवधि समाप्त भएपछि त्यस्तो शिक्षक वा कर्मचारीलाई विभागीय कारवाही गर्ने सम्बन्धमा आवश्यक कारवाही अघिबढाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा सजाय दिने अधिकारीले त्यस्तो शिक्षक वा कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी छानबिन गर्दा कुनै शिक्षक वा कर्मचारीले आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र दफा १६ङ१ बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र शिक्षा विभाग र शिक्षा मन्त्रालयमा दिनु पर्नेछ ।

**१६ङ४. सजाय नहुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले स्वीकार गरी यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि दिएको आवेदन रद्द गर्नका लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम सजाय गरिने छैन ।

**१६ङ५. सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा नपाउने :** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १६ङ१. को विपरीत हुने गरी सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको कारण सेवाबाट बर्खास्त भएमा र त्यस्ता शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीको पति वा पत्नीले कर्मचारी संचय कोषको रकम र बीमा बाहेक यस ऐन र यस अन्तर्गत बनेका नियम बमोजिमका सेवा सुविधा पाउने छैन ।"

***

निर्देशक